# कालिमाटी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ५ संख्याः ११ मितिः२०८०/१२/३०


## भाग-२

# पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि,२०८०

**नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भए बमोजिमको अधिकार अन्तर्गत रही कालीमाटी गाउँपालिकाको गाउँकार्यपालिकाबाट मिति २०८०।१२।२९।५ मा पारित भएको यो कार्यविधिलाई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

कार्यपालिकाबाट पारित मितिः २०८०।१२।२९।५

प्रमाणीकरण मितिः २०८०।१२।२९।५

**प्रस्तावनाः** मातृ तथा बाल मृत्युदर घटाउनुका साथै बालबालिकाको उच्चतम मानसिक विकास गरी देशको मानवीय पुँजी बृद्धि गरेर समग्रमा मुलुकको द्रुत आर्थिक विकासका लागि पोषणको अवस्थामा सुधार गर्न अपरिहार्य भएकाले पोषणको क्षेत्रमा थप लगानी गर्न जरुरी भएको र कुपोषण सम्बन्धि विभिन्न समस्या समाधान गर्न बहुक्षेत्रीय अवधारणा लागु गर्नुपर्ने विश्वव्यापी मान्यतालाई स्वीकार गरी मातृ तथा बाल्यकालिन पोषणको अवस्थामा सुधार ल्याउने मुख्य उद्देश्यले नेपाल सरकारबाट

२०६९ जेठ ३२ मा स्वीकृत बहुक्षेत्रीय पोषण योजना पहिलो र दोस्रो क्रमिक रुपमा कार्यान्वयन गरिदै आएकोमा नेपालको संघीय संविधान जारी भई संघ प्रदेश तथा स्थानीय तह गरी तीन तहको राज्यको संरचना रहने अवस्था भएकाले कालीमाटी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कालीमाटी गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कालीमाटी गाउँपालिकाको पोषणमैत्री स्थानिय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८०" रहेको छ। (२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि कालीमाटी गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ।

**२. परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "संविधान" भन्नाले नेपालको संविधान संझनु पर्दछ ।

(ख) "ऐन" भन्नाले कालीमाटी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ सम्झनु पर्दछ ।

(ग) "पालिका" कालीमाटी गाउँपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले कालीमाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "पालिका स्तरिय समिति" भन्नाले पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति सम्झनु पर्दछ।

(छ) "वडा स्तरिय समिति) भन्नाले वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा सहजिकरण तथा कार्यान्वयन समिति सम्झनु पर्दछ ।

(ज) "प्रदेश" भन्नाले कर्णाली प्रदेश योजना आयोग सम्झनु पर्दछ र सो शब्दले कर्णाली प्रदेश सरकार र सो अन्तर्गतका मन्त्रालय तथा कार्यालय समेतलाई बुझाउँदछ ।

(झ) "जिल्ला स्तरीय सिफारिस समिति" भन्नाले जिल्ला स्तरीय पोषण तथा खाद्यसुरक्षा अनुगमन तथा सिफारिस सल्यान सम्झनु पर्दछ ।

(ञ) "संघ" भन्नाले नेपाल सरकार सम्झनु पर्दछ ।

३. **पृष्ठभूमिः** नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा व्यक्त गरेका विभिन्न समझदारी तथा प्रतिवद्धताहरु कार्यान्वयन गर्ने सन्दर्भमा बालबालिका महिला तथा किशोरीहरुको पोषणको अवस्था सुधारको लागि गरेका सबै प्रतिवद्धताका साथै दिगो विकास लक्ष्य र विश्व स्वास्थ्य सभाले तोकेका स्वास्थ्य तथा पोषण सम्बन्धि लक्ष्य तथा सूचकहरु पुरा गर्न राज्य र राज्यका सबै निकाय र तहको दायित्व तथा जिम्मेवारी रहेको छ ।अन्तराष्ट्रिय रुपमा नै कुपोषणको समस्या निराकरण गर्ने कार्यलाई सामाजिक आर्थिक तथा मानवीय विकासका साथै दिगो विकास लक्ष्य प्राप्त गर्ने आधारको रुपमा लिइएको छ । कुपोषणबाट सृजना हुने समस्याहरु गम्भीर दुरगामी तथा अपुरणीय किसिमको हुने कुरा विभिन्न अध्ययनले प्रष्ट पारेको छ । हामी सबैको प्रयत्नबाट मात्रै महिला बालबालिका र किशोरीहरुमा हुने कुपोषणलाई उल्लेख्य रुपमा घटाउन सम्भव छ भन्ने कुरालाई मनन गर्दै यस कालिमाटी गाउँपालिकाले बहुक्षेत्रीय प्रयत्न अभियान र कार्यक्रम संचालन गरिरहेको छ । पोषणको क्षेत्रमा भएका उपलब्धिहरुलाई दिगो बनाई थप प्रगति हासिल गर्न पर्याप्त स्रोत साधनको व्यवस्था सहित सम्बद्ध सबै तह विषयगत शाखा र विभिन्न क्षेत्रहरुबाट थप प्रतिवद्धता सहित सहयोग सहजीकरण र समन्वय आवश्यक छ। दिगो विकास लक्ष्य नेपाल सरकारका राष्ट्रिय अन्तराष्ट्रिय प्रतिवद्धताको पूरुर्णतामा योगदान दिन स्वास्थ्य र पोषण सुधारको अभियानलाई व्यवस्थित र क्रमबद्ध रुपमा अगाडि बढाउने दीर्घकालिन सोच राख्दै मिति २०७९ चैत्र १९ गते समग्र पोषण स्थिति सुधारका लागि कालिमाटी गाउँपालिकाले १२ बुँदे प्रतिवद्धता समेत जारी गरेको छ।

**४.पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८० का उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।**

क. बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन अन्तर्गत पोषणमैत्री स्थानीय शासन अबलम्बनका लागि गाउँपालिकाले छनौट गरेका वडाहरुले आफूलाई पोषणमैत्री वडा घोषणा गर्न आवश्यक प्रक्रिया र सूचनाका बारेमा जानकारी दिने ।

ख. पोषणमैत्री स्थानीय शासन घोषणाको लागि गाउँपालिका वडा र सरोकारवालाहरुले गर्ने अनुगमन जिम्मेवारी तथा भूमिकाबारे जानकारी दिने ।

ग. पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक क्षेत्रगत तथा विषयगत सूचक न्यूनतम लक्ष्य विश्लेषण गर्ने तरिका निर्धारण गर्ने ।

घ. पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक प्रक्रिया विधि खुडकिला तथा चरणहरु बारे मार्गदर्शन गर्ने ।

ङ पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक फारमहरु र दस्तावेजहरुबारे मार्गदर्शन गर्ने ।

च. पोषणमैत्री स्थानीय शासन अबलम्बन अन्तर्गत पोषणमैत्री वडा तथा पालिका घोषणालाई सहज बनाउन आवश्यक सहजीकरण तथा सहयोग पुऱ्याउने ।

**५.कार्यविधिको प्रयोग र प्रयोगकर्ताहरुः** यो पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८० लाई कालिमाटी गाउँपालिकाले पोषणमैत्री वडा घोषणाका लागि प्रयोग गर्नेछ। यस कार्यविधिको अधिनमा रही कालिमाटी गाउँपालिकाले पोषणमैत्री स्थानीय शासन वडा घोषणाका अभियानहरु कार्यान्वयन गर्नेछ।पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८० मो मुख्य प्रयोगकर्ता कालिमाटी गाउँपालिका र यसका सबै

वडा कार्यालयहरु विषयगत शाखाहरु बहुक्षेत्रीय पोषण योजना अन्तर्गत संचालित विभिन्न कार्यक्रमहरु विकास साझेदारीहरु र सम्बन्धित सरोकारवालाहरु हुनेछन्। सम्बन्धित सबै पक्षले सूचनाको माध्यमबाट पोषणमैत्री स्थानीय शासन अवलम्बन र वडा तथा पालिका घोषणाका प्रक्रिया प्रतिफल र नतिजाहरुको व्याख्या र विश्लेषण गर्न सक्नेछन् ।

**६. पोषणमैत्री स्थानीय शासन भनेको के हो?**

क. मानव पुँजीको विकासका साथै समग्र सामाजिक एवं आर्थिक विकासमा कुपोषण अबरोधको रुपमा नरहने सुनिश्चित गर्नको लागि दीर्घ कुपोषणलाई उल्लेखनीय रुपमा न्यूनीकरण गर्ने तर्फ मुलुकलाई अग्रसर गराउने सोचका साथ विद्यमान संघीय संरचना बमोजिम संघ प्रदेश र स्थानीय तहहरुका नीति संरचना प्रणाली कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति ।

ख. यस पद्धतिले स्थानीय तहलाई मातृशिशु तथा बाल्यकालिन पोषणको स्थितिमा सुधार ल्याउन योजना तर्जुमा गर्ने बजेट विनियोजन गर्ने सभाबाट योजना तथा बजेट स्वीकृत गर्ने स्वीकृत योजना कार्यान्वयन गर्ने अनुगमन गर्ने सार्वजनिक सुनुवाई प्रचार प्रसार गर्ने कुरामा जोड दिन्छ ।

ग. सामाजिक आर्थिक तथा मानव विकासमा प्रतिकुल प्रभाव पार्ने कुपोषणलाई न्यूनिकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई विद्यमान संघीय संरचना बमोजिम संघ प्रदेश र स्थानीय तहहरुबाट प्राथमिकताका साथ कार्यान्वयन गरिनु पर्छ भन्ने सवाललाई कार्यप्रक्रिया र व्यवहारमा लागु गर्ने प्रक्रिया तथा पद्धति नै पोषणमैत्री स्थानीय शासन हो ।

**७.पोषण मैत्री स्थानिय सासनको लक्ष्यः** पोषणमैत्री स्थानिय शासनको प्रर्बद्धन मार्फत पोषण बिशेष,पोषण संबेदनशिल र समर्थ बनाउने

वातावरण सम्बन्धी कार्यक्रमहरुको विस्तार गरी पोषण सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी महिला, किशोरी तथा बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउन र पोषण सेवाको सुनिश्चितता र दिगोपना कायम गर्नु नै पोषणमैत्री शासनको लक्ष्य रहेको छ।

**८.पोषणमैत्री स्थानीय शासनको उदेश्य :**

क) स्थानीय तहका सबै क्षेत्र र निकायहरुको नीती,संरचना, प्रर्णाली र कार्य सञ्चालन प्रक्रियामा पोषणका सवालहरुको मूलप्रवाहिकरण गर्ने ।

ख) पोषण संबेदनशील सेवाहरुको पहुँच र उपभोक्ता बढाइ स्वस्थ बानी-ब्यवहारमा सुधार ल्याउने।

ग) पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरु एकीकृत रुपमा कार्यान्वयन गरी महिला, बालबालिका तथा किशोरीहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउने।

घ) पोषणका सवालहरुलाई स्थानीय तहको शासन पद्धतिसंग आबद्ध गरी पोषणका सम्बन्धमा भएका स्थानिय,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई ब्यवहारमा उतार्ने ।

**९. पोषणमैत्री स्थानीय शासन किन :**

(१) नेपालमा मातृशिशु तथा बाल्यकालिन पोषणको स्थितिमा सुधार ल्याउननेपाल सरकार, संयुक्त राष्ट्र संघिय निकायहरु, बिकास साझेदारहरु, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरुबाट २०६९असोज ४ गते प्रतिबद्धता सहितको घोषणापत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना पहिलो ५ बर्षको सफल कार्यान्वयनको उपलब्धि र सिकाईका आधारमा आ.ब.२०७५ र ७६ देखि २०७९र २०८० सम्म दोस्रो ५ बर्षे योजनाको रुपमा कार्यान्वयन भइरहेको छ।

(२) नेपालले दिगो बिकास लक्ष्य अनुरुप सन् २०३० सम्ममा कुपोषणलाई अन्त्य गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता ब्यक्त गरेको छ।

(३) बिश्व स्वास्थ्य सभाले निर्धारण गरेको लक्ष्य अनुसार नेपालले सन् २०२५को अन्त्यमा कुपोषणको दर २४ प्रतिशत पुर्याउने।

(४) बहुक्षेत्रीय पोषण योजनाको सफल कार्यान्वयनको कर्तब्य र जिम्मेवारी स्थानीय तहको रहेको छ।

(५) नेपालले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय जगतमा ब्यक्त गरेका प्रतिबद्धताहरुलाई पूर्णता दिने कार्यमा सम्बद्ध सबैको थप प्रयास आवश्यक छ।

(६) सामाजिक ,आर्थिक तथा मानब बिकासमा प्रतिकूल प्रभाव पार्ने कुपोषणलाई न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई बिद्यमान संघिय संरचना बमोजिम संघ,प्रद्श,स्थानीय तहहरुबाट प्राथमिकताका साथ कार्यान्वयन गरिनु पर्छ।

(७) स्थानीय तहमा यस योजनाको सफल कार्यान्वयनले मात्र समग्र बिकास प्रतिफल निर्धारण गर्ने हुनाले स्थानीय तहले नेतृत्वमा जोड दिइएको छ।

(८) पोषणका सवालहरुलाई स्थानीय तहले शासन पद्धतिसंग आबद्ध गरी पोषणका सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई ब्यवहारमा उतार्न पोषणमैत्री स्थानीय शासनले सहयोग पुर्याउने छ ।

**१०. पोषणमैत्री स्थानी शासनको कार्यान्वयन**

(१) पोषणमैत्री स्थानीय शासन कार्यान्वयन सँग सम्बन्धित क्रियाकलापहरु अनुसूचि-१ बमोजिम हुनेछन्।

(२) पोषणमैत्री स्थानीय शासन अन्तर्गत पोषणमैत्री वडा तथा पालिका घोषणाको लागि तयार गरिएको क्षेत्रगत सूचकहरु र न्यनतम लक्ष्य अनुसूची- २ बमोजिम हुनेछन् ।

(३) पोषणमैत्री स्वास्थ्य संस्थाका सूचकहरु अनुसूची-३ बमोजिम हुनेछन् ।

(४) पोषणमैत्री स्थानीय शासनका सूचक विष्लेशन अनुसूची-४ बमोजिम हुनेछ ।

(५) पोषणमैत्री स्थानीय शासनका सुचक प्राप्तिको अवस्था विवरण फारम अनुसुची-५ बमोजिम हुनेछ ।

(६) पोषणमैत्री स्थानीय शासन दिगोपनाका लागि आचार संहिता अनुसूचि-६ बमोजिम हुनेछ ।

(७) पोषणमैत्री स्थानीय शासन कार्यान्वयन अनुगमन फारम अनुसूची-७ बमोजिमढाँचामा हुनेछ ।

(८) कालिमाटी गाउँपालिकाको पोषणसुधारको सामूहिक प्रतिवद्धता अनुसूची-८ मा राखिएको छ ।

(९) पोषण सम्बन्धि पोखरा प्रतिवद्धता २०७३ अनुसूची-९ मा राखिएको छ ।

**११. बिषयगत क्षेत्र र सूचकहरु :**

क) स्वास्थ्य

ख) शिक्षा

ग) महिला तथा बालबालिका

घ) खानेपानी तथा सरसफाई

ङ) पशु

च) कृर्षि

छ) सुशासन

**१२. क्षेत्रगत सूचक निर्धारण खाका :**

| क्र. सं. | सूचकहरु | अपेक्षित जनसंख्या | हालको अवस्था | न्यूनतम लक्ष्य | पुष्ट्याईका आधारहरु | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**१३. पोषणमैत्री स्थानीय शासन वडा घोषणाको प्रक्रिया :**

(१) पालिका स्तरीय पोषण तथा खाध्य सुरक्षा निर्देशकको बैठक, कार्यपालिकाको निर्णय हुँदै गाउँ सभाबाट पोषणमैत्री स्थानीय शासन अबलम्बन गर्ने निर्णय ।

(२) पोषण सुधारको लागि सामुहिक प्रतिबद्धता र तहतग समितिहरुको निर्णय।

(३) पोषण संबेदनशिल र पोषण लक्षित योजना बनाई यसको कार्यान्वयन।

(४) बहुक्षेत्रीय पोषण योजना र पोषणमैत्री स्थानीय शासन अवधारणा सम्बन्धी बिभिन्न तहमा सम्बन्धित सरोकारवाला र लक्षित बर्गलाई अभिमुखीकरण।

(५) क्षेत्रगत सूचकहरु निर्धारण गर्ने र सो बारे नगर तथा वडा तहमा छलफल।

(६) पोषणमैत्री स्थानिय शासन वडा र पालिका घोषणा कार्यान्वयनकालागि चरणगत तथा तहगत खुडकिला तय गरी पुरा गर्ने ।

(७) वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट निर्णय भई घोषणाका लागि कार्यपालिकामा पेश गर्ने।

(८) गाउँपालिका र वडा स्तरीय पोषण प्रोफाईल गर्ने ।

(९) पोषणमैत्री स्थानिय शासन वडा र पालिका घोषणा कार्यान्वयनका लागि आधार सर्वेक्षण गरेको आधारमा यसका लागि न्यूनतम लक्ष्य तय गर्ने।

(१०) सो सूचकहरु सम्बन्धित बिषयगत शाखाबाट प्रमाणीकरण गर्ने।

(११)गाउँपालिका र वडाले पोषण सुधारको लागि रणनिति योजना बनाई कार्यान्वयन गर्ने ।

(१२)पोषण सुधारका लागि वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति अन्तर्गत घोषणा उपसमिति गठन र सोको अभिमुखीकरण गर्ने।

(१३)पोषण सुधारको अवस्थाबारे सरोकारवालाबाट अभियान कार्यान्वयनको अवस्थाबारे अनुगमन भएको र प्रमाणीकरण भएको सूचकहरुको आधारमा प्रतिबेदन तयार भई सो अनुसारका बिषयहरु पुरा गर्ने।

(१४) पोषणमैत्री स्थानीय शासन वडा र पालिका घोषणाका लागि आवश्यक कार्य पुरा भए नभएको स्थलगत अनुगमन गरी सहमति प्रदान गरिदिन सम्बन्धित माथिल्लो निकाय ( जिसस तथा सम्बन्धित प्रदेश तथा संघिय मन्त्रालय) लाई प्रतिबेदन सहित अनुरोध गर्ने ।

(१५) सम्बन्धित माथिल्लो निकाय (संघ र प्रदेश तथा सम्बन्धित मन्त्रालय) बाट स्थलगत अनुगमन गरी आवश्यक सुझाब दिने।

(१६) सामाजिक जवाफदेहिता बमोजिम सम्पन्न कार्यहरुको सामाजिक लेखापरीक्षण गरेको र गुनासो सुनुवाई समिति गठन गर्ने।

(१७)वडा तथा पालिकामा पोषण डेस्क,पोषण कर्नर र स्तनपान कक्षको ब्यवस्था गर्ने।

(१८) सम्बन्धित माथिल्लो निकाय (संघ र प्रदेश तथा सम्बन्धित मन्त्रालय र जिसस) बाट स्थलगत अनुगमनका आधारमा दिएको सुझाबको कार्यान्वयन गर्ने।

(१९)सम्बन्धित माथिल्लो निकायले दिएको सुझाबको कार्यान्वयन पश्चात अन्तिम प्रतिबेदन तयार गर्ने।

(२०) निश्चित कार्य योजना सहित नगर तथा वडा सभाबाट पोषणमैत्री स्थानीय शासन वडा घोषणा गर्ने निर्णय गर्ने ।

(२१) घोषणा उन्मुख पालिकाले पोषणको स्थितिपत्र र पोषण आचार संहिता प्रकाशन गरी कार्यान्वयन गरेको हुनुपर्ने।

(२२) पोषणमैत्री स्थानीय शासन घोषणाको लागि सुरु देखि अन्तिम सम्म भए गरेका कार्यहरुको रेकर्ड गरी दस्ताबेजिकरण गर्ने ।

(२३) पोषणमैत्री स्थानीय शासन घोषणाका लागि सर्बप्रथम कुनै एउटा वडा बाट सुरु गर्ने र क्रमश सबै वडाहरु घोषणा गर्दै पालिकालाई नै घोषणा गर्ने ।

**१४. पोषणमैत्री स्थानीय शासन घोषणाका चरण र खुडकिलाहरु :**

**पहिलो:** बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका कुराहरु, गाउँपालिकाको स्वास्थ्य तथा पोषण सुधारका सम्बन्धमा बनेका नितिहरु तथा पोषणमैत्री स्थानिय शासनको अवधारणा बारेमा पालिका तथा वडा स्तरमा अभिमुखिकरण।

**दोस्रो:** पालिका तथा वडा स्तरमा गठित पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट पोषणमैत्री अभियान सञ्चालन सम्बन्धमा निर्णय।

**तेस्रो:** सूचकहरुको अवस्था सम्बन्धमा आधारभुत सर्बेक्षण र फाइन्डिंगका आधारमा कार्ययोजना निर्माण।

**चौथो:** वडा तथा टोल स्तरमा अभियान सञ्चालन तथा ब्यवस्थापन समिति गठन र परिचालन।

**पाँचौं:** सूचकहरुको पुर्णताका लागि समुदाय तथा घरधुरी स्तरमा पोषण संबेदनशील तथा पोषण बिशेष क्रियाकलापहरुको ब्यापक सञ्चालन।

**छैठौं:** वडा तथा पालिकाका बिषयगत शाखाबाट अभियानको नियमित फलोअप तथा अनुगमन।

**सातौं:** अनुगमनमा देखिएका सुधार गर्नु पर्ने देखिएमा थप अभियान सञ्चालन।

**आठौं:** अन्तिम अनुगमन गरी सूचकको पुर्णता भएको सम्बन्धमा स्थितिपत्र प्रकाशन गर्ने र सार्वजनिकिकरण।

**नवौं:** गाउँपालिका, जिल्ला समन्वय समिति,प्रदेश तथा संघ स्तरबाट अनुगमन गरी प्रमाणिकरण।

**दशौं :** वडा स्तरमा वडा घोषणा सभा तथा सम्पूर्ण वडा घोषणा पश्चात पालिका घोषणा सभा आयोजना।

**एघारौं:** पोषणमैत्री गाउँ, वडा र पालिका घोषणा तथा यसको निरन्तरता एवं दिगोपना।

**१५. पोषणमैत्री स्थानीय शासन घोषणाका आवश्यक दस्ताबेजहरु :**

(१) पोषणको बस्तुगत बिवरण तथा प्रतिबद्धता र कार्ययोजनाहरु

(२) अभियान सञ्चालनका लागि बिभिन्न समयमा भएका निर्णयहरु

(३) सूचकहरुको अवस्था स्थितिपत्र

(४) सूचक प्राप्ति र उपलब्धी सहितको प्रतिबेदन

(५) बिषयगत शाखाहरुले गरेको सूचक प्रमाणीकरण बिबरण

(६) गाउँपालिका र जिससको स्थलगत अनुगमनको प्रतिबेदन

(७) बहुक्षेत्रीय पोषण योजनाको बार्षिक योजना

(८) बिभिन्न प्रतिबद्धताहरु ,कार्यबिधि,बैठक निर्णय ,नितिहरु

(९) पोषणमैत्री स्थानिय शासन घोषणाका लागि गरिएका पत्राचारहरु, पम्पलेट, ब्रसरहरु

(१०) पोषणमैत्री स्थानीय शासन पश्चात दिगोपना र निरन्तरताको लागि रणनीतिक योजना

**१४. पोषणमैत्री स्थानीय शासन घोषणाका लागि विभिन्न तहहरुको भूमिका र जिम्मेवारीहरु :**

**क) वडा समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी :**

१ हरेक सूचकका आधारमा शुरुको अवस्था र अन्तिम अवस्थाको सूचना तुलनात्मक रुपमा राख्ने

२ विभिन्न समिति, उपसमिति कार्यटोली वनाई कामको जिम्मेवारी बाँडफाँड गर्ने।

३ पोषण डेक्स, पोषण कर्नर स्थापना गर्ने ।

४ विभिन्न गतिविधिका चित्र, फ्लेक्स र सफलताका कथा तयार गर्ने ।

५ पोषण सम्वन्धि वाल पेन्टीङ र होडीङबोर्डहरु राख्ने ।

६ पोषणमैत्री अभियानका वारेमा सबैलाई जानकारी गराउने, प्रचार प्रसार गर्ने ।

७ वहुक्षेत्रीय पोषण योजना अन्तरगतका क्रियाकलापहरु कार्यान्वयन गराउने ।

८ पोषणमैत्री स्थानिय शासन सम्वन्धि वडाको प्रस्तुतीहरु तयार गर्ने ।

९ पोषणको आवशेयक प्रवन्ध मिलाउने ।

**ख) पालिका स्तरिय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारीः**

१ **नितिगत पैरवीः** पोषणमैत्री स्थानिय शासन पद्धतिलाई पालिकाको नीती, संरचना र कार्य प्रक्रियामा मूलप्रवाहिकरण गर्ने ।

२ **योजना तर्जुमाः** योजना, बजेट ,कार्यान्वयन, नक्सांकन, वडा र वस्ति छनौट ।

३ **समन्वय तथा सहजीकरणः** सरकारी तथा गैससंग सम्पर्क, परिचालन, वैठक, समिति गठन ।

४ **अनुगमन तथा मुल्याङ्कणः** नियमित बैठक, संयूक्त अनुगमन, प्रगति समिक्षा, सूचना व्यवस्थापन, पृष्ठपोषण, अनुगमन र मुल्याङ्कण ।

५ **समिक्षा तथा विश्लेषणः** स्थिति पत्र प्रकाशण, नियमित क्रियाकलापहरुको कार्यान्वयन, प्रगति समिक्षा, पालिका स्तरीय बैठक, कमजोर सुचक पुरा गर्न थप स्रोत परिचालन र वडालाई आवश्वक सहयोग र सहजिकरण ।

६ **क्षमता विकाशः** सवै विषयगत क्षेत्र र सरोकारवालाको क्षमता विकास, परिचालान, संजाल गठन र संस्थागत विकास ।

**ग) जिल्ला समन्वय समिति तथा कार्यालयको भूमिका तथा जिम्वेवारीः**

१ हरेक सुचकका आधारमा शुरुको अवस्था र अन्तिम अवसेथाको सूचना तुलनात्मक रुपमा विश्लेषण गरी आवश्यक सुझाव दिने ।

२ स्थलगत अनुगमन तथा मुल्यांकन गर्ने ।

३ आवश्वक सहजीकरण र सहयोग गर्ने ।

४ पालिका, प्रदेश र संघ बिच समन्वयको भूमिका निर्वाह गर्ने।

५ पोषणमैत्री स्थानिय शासन घोषणाका लागि सिफारिस गर्ने ।

६ पोषण क्षेत्रमा कामगर्ने संघ संस्थाहरुको परिचालनका लागि समन्वय गर्ने ।

७ पोषणमैत्री स्थानिय शासन घोषनाका लागि प्राविधिक सहयोग उपलव्ध गराउने ।

८ जिल्ला स्तरिय वैठकको आयोजना गर्ने र जिल्लास्थित कार्यालयहरुको परिचालनका लागि समन्वय गर्ने।

**घ) प्रदेश तथा संघको भूमिका तथा जिम्मेवारीः**

१ पोषणमैत्री स्थानिय शासनको अवधारणा, रणनीती, निर्नेशिकाहरुको विकास गर्ने ।

२ बहुक्षेत्रीय पोषण योजना अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयनका लागि क्षेत्रगत बजेट विनियोजन गर्ने।

३ विभिन्न क्षमता विकासका कार्यहरु गर्ने ।

४ संध तथा प्रदेश स्तरिय समितिहरुको गठन, पुनर्गठन र नियमित वैठक र परिचालन ।

५ विभिन्न दातृ निकाय, विषयगत मन्त्रालय,नागरिक समाज, पत्रकार, सांसद आदि निकायहरुसँग समन्वय गर्ने र स्रोतको सुनिश्चितता गर्ने ।

६ पोषणमैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गर्ने

७ अनुगमन तथा मूल्याङ्कन गर्ने ।

८ आवश्यक सहजीकरण र सहयोग गर्ने ।

**१६. स्पस्टीकरण तथा वचाउः**

(१) यो कार्यविधि, यसका प्रावधानहरु र बुँदाहरु संघ र प्रदेश अन्तरगतको कार्यविधिसंग बाझिने छैनन ।

(२) यो कार्यविधि संघिय र प्रदेश कानून संग बाझिएमा बाझिएका प्रावधानहरु स्वतः खारेज भएको मानिनेछ ।

(३) यो कार्यविधि लागु हुनु भन्दा पहिले भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१७. पुरुस्कार तथा सम्मानः**

(१) घोषणा कार्यमा सहयोग, सहजिकरण गर्ने विभिन्न व्यक्ति, कार्यालय,, निकाय र संघ संस्थाहरुलाई सम्मान गर्न सकिनेछ ।

(२) यस कार्यविधि अनुसार वडा घोषणामा पहिलो घोषना गर्ने वडा लाई पुरुस्कार प्रदान गरिनेछ।त्यसैगरी दोस्रा, तेस्रो, चौथो हुने वडाहरुलाई क्रमशःमुल्याङकनका आधारमा पुरुस्कार प्रदान गरिनेछ।

# अनुसूचि १

## (दफा (१०) को उपदफा (१) सँग सम्बन्धित)

## पोषणमैत्री स्थानीय शासन कार्यान्वयनसँग सम्बन्धित क्रियाकलापहरु

| कार्य | क्रियाकलाप |
|---|---|
| **सचेतना र पैरवी** | सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनका सम्बन्धि अभिमुखीकण गर्ने |
| | स्थानीय तहको पोषण प्रोफाइल अनुसार पोषण नीति तर्जुमा गर्न पैरवी गर्ने |
| | आवधिक तथा वार्षिक योजनामा पोषणका क्रियाकलाप समावेश गर्न छलफल तथा पैरवी गर्ने |
| | स्थानीय तहमा विभिन्न विद्यामा ख्याती प्राप्त व्यक्ति वा समूहलाई पोषण अभियन्ता मार्फत सचेतना र पैरवी गर्ने |
| | स्थानीय खाद्य पदार्थमा पाइने पोषक तत्वहरुको सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने |
| | पोषणमैत्री आचरण र व्यवहार प्रवर्द्धन गर्न पैरवी गर्ने |
| **मूलप्रवाहीकरण** | पोषणमैत्री स्थानीय तह घोषणका लागि रणनीति अनुसारका क्रियाकलाप संचालन गर्न सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाबाट प्रतिवद्धता गर्ने |
| | पोषण सम्बन्धित विषयलाई वडा तथा स्थानीय तहको नीति योजना कार्यक्रममा समाहित गर्ने |
| | पोषणसँग सम्बन्धित क्रियाकलापहरु स्थानीय तहको सहभागितामूलक योजना तर्जुमाको विधिबाट छनौट गर्ने |
| | स्थानीय तहको क्षेत्रगत योजनामा पोषणसँग सम्बन्धित विषयलाई समावेश गर्ने |
| | क्षेत्रगत तालिमहरुमा पोषण विषय समावेश गर्ने |
| | पूर्वाधार विकासको नीति योजना तथा कार्यक्रम कार्यान्वयनमा |

| | |
|---|---|
| | पोषण संवेदनशील विषयलाई जोड दिने |
| | लैङ्गक समानता तथा सामाजिक समावेशीकरण जलवायु परिवर्तन विपदजोखिम न्यूनीकरण लगायतका अन्तरसम्बन्धित विषयहरुसँग सम्बन्धित नीति तथा योजना तर्जुमा गर्दा पोषणसँग सम्बन्धित क्रियाकलापहरु समावेश गर्ने |
| **संस्थागत विकास** | बहुक्षेत्रीय पोषण योजनामा व्यवस्था भए अनुसारका समितिहरु क्रियाशिल गराउने |
| | गाउँपालिका/नगरपालिका र वडामा पोषणमैत्री स्थानीय शासनको प्रभावकारीताको लागि सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने व्यवस्था मिलाउने |
| | पोषणमैत्री स्थानीय तह प्रवर्द्धनको लागि आवश्यकता अनुसार कार्यदल कार्यटोली र समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन गर्ने |
| **बहुक्षेत्रीय प्रयासको अवलम्वन** | बहुक्षेत्रीय पोषण योजनाले पहिचान गरेको पोषणसँग सम्बन्धित क्षेत्रहरु कृषि पशुविकास खानेपानी तथा सरसफाई महिला बालबालिका शिक्षा स्वास्थ्य तथा शासकीय प्रवन्धलाई समन्वयनात्मक रुपमा परिचालन गर्ने |
| | पोषण विशेष  पोषण संवेदनशिल कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्ने |
| | विषयगत क्षेत्रबाट हुने नियमित क्रियाकलापहरुलाई बहुक्षेत्रीय पोषण योजना तेस्रोले तोकेका लक्षित समूहमा संचालन गर्न प्राथमिकता दिने |
| | गैरसरकारी क्षेत्रबाट संचालन हुने पोषणसँग सम्बन्धित क्रियाकलापहरुलाई बहुक्षेत्रीय अवधारणा अनुसार संचालन गर्ने |
| **सूचना शिक्षा र संचार** | पोषण प्रोफाइलको तयारी अद्यावधिक र सार्वजनिकीकरण गर्ने |
| | पोषण सम्बन्धि श्रव्य दृष्य समाग्री उत्पादन र प्रशारण |

| | |
|---|---|
| | जानकारी पुस्तिका ब्रोसियर लिफलेट पम्पलेट जस्ता छापा समाग्री प्रकाशन र वितरण गर्ने |
| | संचार माध्यामसँग नियमित अन्तक्रिया र छलफल गर्ने |
| | विद्यालय भित्र र विद्यालय बाहिर रहेका किशोर किशोरीहरुको लागि जीवनउपयोगी सीप सम्बन्धि क्रियाकलापहरु संचालन गर्ने |
| **क्षमता विकास** | निर्देशक समितिका सदस्य सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनका रणनीतिमा आधारित भई क्षमता विकास गर्ने |
| | विषयगत क्षेत्रका कर्मचारीहरुलाई पोषणमैत्री स्थानीय शासन प्रभावकारी रुपमा संचालनका लागि तालिम गोष्ठी तथा अन्य क्षमता विकासका कार्य गर्ने |
| | विद्यालय स्वास्थ्य खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी विद्यालयका शिक्षक शिक्षिका आमा महिला समूहका सदस्यहरु टोल विकास संस्थाका पदाधिकारी महिला स्वयमसेविकाहरु अगुवा कृषक र सामाजिक अगुवाको क्षमता विकासको लागि कार्यक्रम संचालन गर्ने |
| | बहुक्षेत्रीय पोषण सम्बन्धि विषयमा वहस पैरवी तथा असल अभ्यासहरुको अनुशरण र आदानप्रदान गर्ने |
| **सामाजिक परिचालन** | महिला तथा बालबालिकाको कुपोषणको सवाल र कारणहरुलाई दृष्टिगत गर्दै लक्षित क्रियाकलापहरु घरपरिवार र समुदायस्तरसम्म संचालन गर्ने |
| | लैङ्गक हिंसा बालबिवाह छाउपडी कमलरी देउकी लगायत सामाजिक कुप्रथा एवं अन्धविश्वास कुरीति कुसंस्कार विरुद्ध सामाजिक अभियान संचालन गर्ने |
| | खुला दिशामुक्त पूर्ण सरसफाइयुक्त पूर्ण खोप पूर्ण साक्षर घरभित्रको धुवाँमुक्त बालमैत्री वातावरणमैत्री जस्ता विभिन्न |

| | |
|---|---|
| | अभियानमुलक कार्यक्रम संचालन गर्ने |
| | लक्षित समूहमा उद्यमशिलता प्रवर्द्धन गरी आयस्तर वृद्धि गर्ने |
| | विद्यालय स्वास्थ्य खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी विद्यालयका शिक्षक शिक्षिका आमा महिला समूहका सदस्यहरु टोल विकास संस्थाका पदाधिकारी महिला स्वयमसेवीकाहरु अगुवा कृषक र सामाजिक अगुवालाई पोषण प्रवर्द्धनमा परिचालन गर्ने |
| | पोषणसँग सम्बन्धित विद्यमान सकरात्मक व्यवहारको पहिचान र प्रोत्साहन गर्न अभियन्ता आदर्श व्यक्ति समूह संस्थाहरुलाई परिचालन गर्ने |
| | महिला तथा बालबालिकाको कुपोषणको सवाल र कारणहरुलाई दृष्टिगत गर्दै लक्षित क्रियाकलापहरु घरपरिवार र समुदायस्तरसम्म संचालन गर्ने |
| **लक्षित कार्यक्रम संचालन** | लक्षित समूहको पहिचान गरी उनीहरुको सहभागितामा पोषण लक्षित तथा पोषण संवेदशील कार्यक्रम संचालन गर्ने |
| | बहुक्षेत्रीय पोषण सम्बद्ध सबै सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुबीच समन्वय गरी एकीकृत कार्यक्रम संचालन गर्ने |
| **नीजि क्षेत्र तथा नागरिक** | प्रतिस्पर्धी बजार मूल्यमा स्थानीय बजारमा खाद्य समाग्री नियमित उपलब्धता गराउने |
| **समाजसँग सहकार्य** | व्यवसायिक समाजिक उत्तरदायित्व अन्तर्गत पोषणसँग सम्बन्धित क्रियाकलापहरु संचालन गर्ने |
| | बजारमा उपलब्ध गराइने खाद्यन्नको गुणस्तर र स्वच्छता कायम गर्ने |
| | नागरिक समाजका प्रतिनिधिहरु समेतको सहभागितामा गरिने बजार अनुगमनमा सहयोगत गर्ने |
| **सुशासन** | पोषणमैत्री स्थानीय तह प्रवर्द्धनका लागि गरिएका क्रियाकलाप र |

| | |
|---|---|
| | सोको प्रगति कार्यालयको सूचना पाटी वेवसाइट तथा आवश्यकता अनुसार आमसंचार माध्यमबाट नियमित रुपमा सार्वजनिकीकरण गर्ने |
| | पोषणमैत्री स्थानीय तहका सूचक हासिलको लागि तोकिएका संरचना तथा क्षेत्रहरुलाई जवाफदेही बनाउने |
| | स्थानीय तहले पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि तोकिएका संरचना तथा क्षेत्रहरुलाई जवाफदेही बनाउने |
| | स्थानीय तहले पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि सार्वजनिक परीक्षण सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरु संचालन गर्ने |
| **नतिजामुखी अनुगमन** | पोषणमैत्री स्थानीय शासनको लागि तोकएको सूचकको आधारमा संचालित कार्यक्रमहरुको अनुगमन गर्ने |
| | पोषण सम्बन्धि अनुगमनमा स्थानीय विकासका साझेदार तथा अन्तष्ट्रिय विकास समुदायसँगको सहकार्य र साझेदारी गर्ने |
| | स्थानीय तहको आवधिक समीक्षामा पोषणको नतिजा समावेश गर्ने र विकास साझेदार निकायबाट सम्पादित कामको समेत प्रगति समीक्षा गर्ने |
| | अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने व्यक्ति अभियान्त संस्था विकास साझेदार अन्य सहयोगी निकाय वडा पुरस्कृत गर्ने |
| **मूल्याङ्कन र दीगोपनको सुनिश्चितता** | पोषणमैत्री स्थानीय तहको लागि तोकिएका सूचकहरु हासिलको दीगोपनाको लागि कार्ययोजना तर्जुमा गर्ने |
| | प्रत्येक वर्षको वार्षिक समीक्षामा सूचकमा आधारित भई प्रगति विवरण सार्वजनिक गर्ने |
| | पोषणमैत्री स्थानीय तहका सूचकका उपलब्धिको प्रत्येक २ वर्षमा तेस्रो पक्षबाट मूल्याङ्कन गर्न सकिने |

अनुसूची २

**(दफा (१०) को उपदफा (२) सँग सम्बन्धित)**

पोषणमैत्री स्थानीय शासन अन्तर्गत पोषणमैत्री वडा घोषणाको लागी तयार गरिएको क्षेत्रगत सुचकहरु र न्युनतम लक्ष्य।

| क्रस. | सुचक नं. | सूचकहरू | घोषणको अवस्था | पुष्ट्याइका आधारहरू |
|---|---|---|---|---|
| | | **स्वास्थ्य** | | |
| १ | १.१ | पोषणमैत्री स्वास्थ्य संस्थाको प्रतिशत | १०० % | पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९ बमोजिम सूचक पुरा भएको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली IHMIS एवं स्थानीय तहको प्रतिवेदन |
| | | **शासकिय प्रबन्ध क्षेत्रका सूचकहरू** | | |
| २ | २.१ | गाउँ/नगरपालिका स्तरीय पोषण तथा | २ | बैठकको निर्णय पुस्तिका |

| | | | | |
|---|---|---|---|---|
| | | खाद्य सुरक्षा निर्देशक समितिको बैठकको संख्या | | |
| ३ | २.२ | वडास्तरीय पोषण तथा खाद्य सुरक्षा सहजिकरण समितिको बैठकको संख्या | २ | बैठकको निर्णय पुस्तिका |
| ४ | २.३ | स्थानीय तहको आवधिक योजना तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समावेश | भएको | बैठकको निर्णय पुस्तिका |
| ५ | २.४ | गाउँ/नगरपालिकाले अनुदान तथा आन्तरिक आयबाट पोषण कार्यक्रमका लागि बजेट विनियोजन | गरेको | बार्षिक बजेट तथा कार्यक्रम |
| ६ | २.५ | पोषण सम्बन्धि कार्यक्रमको समन्वय र सहजीकरण गर्न बहुक्षेत्रीय पोषण | रहेको | स्थानीय तहको प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| | | योजनाले गरेको व्यवस्था बमोजिमको सचिवालयको क्रियाशिलता | | |
| ७ | २.६ | स्थानीय तहको पोषण पाश्वचित्र तयार गरी नियमित अद्यावधिक | गरेको | अद्यावधिक पाश्चित्र |
| ८ | २.७ | स्थानीय तहमा पोषण कर्नरको स्थापना | भएको | पोषण कर्नर स्थापना भएको |
| ९ | २.८ | गाउँ/नगर कार्यापालिकामा छुट्टै स्तनपान कक्षको व्यवस्था | भएको | पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको अनुगमन प्रतिवेदन |
| १० | २.९ | स्थानीय विपद व्यवस्थापन योजनामा विपद पूर्व र विपद पश्चात गरिने पोषण केन्द्रित पूर्व तयारीको योजना समावेश | भएको | विपद व्यवस्थापनको योजना |

| | | | | |
|---|---|---|---|---|
| ११ | २.१० | बाल पोषण भत्ता वितरणको समयमा बालपोषणको महत्व र उच्चतम सदुपयोग सम्बन्धि सचेतना अभिमुखीकरण पाउने अभिभावकको प्रतिशत | ९० % | अभिमुखीकरण प्रतिवेदन |
| | | **शिक्षा क्षेत्रका सूचकहरू** | | |
| १२ | ३.१ | चार वर्ष उमेर पुगेका बालबालिका मध्ये प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका बालबालिकाको प्रतिशत | १०० % | शिक्षा शाखाको प्रतिवेदन |
| १३ | ३.२ | प्रारम्भिक बालविकास केन्द्रमा भएका सहजकर्ताहरु मध्ये पोषण सम्बन्धि अभिमुखीकरण तालिम प्राप्त गरेका | >१००% | शिक्षा शाखाको प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| | | सहजकर्ताको प्रतिशत | | |
| १४ | ३.३ | आधारभूत शिक्षा १ देखि ८ सम्म पुरा गर्ने बालबालिकाको प्रतिशत | १००%००. | शिक्षा शाखाको प्रतिवेदन |
| १५ | ३.४ | स्थानीय तहले बनाएको स्थानीय पाठ्यक्रममा पोषण तथा बाल अधिकार सम्बन्धि विषय समावेश | गरेको | शिक्षा शाखाको प्रतिवेदन |
| १६ | ३.५ | विद्यालय दिवा खाजामा स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाद्यवस्तुको प्रयोग गर्ने विद्यालयको प्रतिशत | ९०%००. | शिक्षा शाखाको प्रतिवेदन |
| १७ | ३.६ | विद्यालय व्यवस्थापन समिति | ९०%००. | शिक्षा शाखाको प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| | | अभिभावक शिक्षक विद्यार्थी लगायत सरोकारवालाको सहभागितामा पोषण दिवस/सप्ताह मनाउने विद्यालयको प्रतिशत | | |
| | | **खानेपानी तथा सरसफाइ क्षेत्र** | | |
| १८ | ४.१ | आधारभुत तहको खानेपानीको सुविधा भएको घरधुरी | १००%००. | NWASHSNस्थानीय तहको वार्षिक प्रतिवेदन |
| १९ | ४.२ | आधारभूत सरसफाई सेवा उपलब्ध भएका घरधुरीको प्रतिशत | १००%००. | NWASHSNस्थानीय तहको वार्षिक प्रतिवेदन |
| २० | ४.३ | शौचालय गएपछि बालबालिकाको दिसा धोएपछि खाना खानु अघि वालवालिकालाई दुध खुवाउनु अघि | १००%००. | स्थानीय तहको वार्षिक प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| | | फोहर चलाएपछि सावुन पानीले हात धुने परपाटीको विकास भएको घरधुरीको प्रतिशत | | |
| २१ | ४.४ | आधारभूत खानेपानी सेवा उपलब्ध भएका संस्थाको प्रतिशत | १००%००. | NWASHSN स्थानीय तहको वार्षिक प्रतिवेदन |
| २२ | ४.५ | आधारभूत सरसफाई सेवा उपलब्ध भएका संस्थाको प्रतिशत | १००%००. | NWASHSN स्थानीय तहको वार्षिक प्रतिवेदन |
| | | **कृषि विकास क्षेत्र** | | |
| २३ | ५.१ | करेसाबारी भएका घरधुरी मध्ये सागसब्जी तरकारी तथा फलफूल उत्पादन गरेका घरपरिवारको प्रतिशत | >८०% | नमूना घरपरिवार वर्वेक्षण प्रतिवेदन र बजार अनुगमन प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| २४ | ५.२ | अन्न सागसब्जी गेडागुडी फलफूल लगायतका खानाको नियमित उपभोग गर्ने घरधुरीको प्रतिशत | >८०% | नमूना घर परिवार सर्वेक्षण प्रतिवेदन |
| २५ | ५.३ | स्थानीयस्तरमा पाईने रैथाने वाली प्रवर्द्धन सम्बन्धि कार्यक्रम | भएको | कृषि विकास शाखाको प्रतिवेदन |
| २६ | ५.४ | खाद्य स्वच्छता र गुणस्तर परीक्षणको Food Hygiene and quality बजार अनुगमन भएको पटक बार्षिक | ३ | अनुगमन प्रतिवेदन |
| | | **पशुपञ्छी विकास क्षेत्र** | | |
| २७ | ६.१ | व्यवस्थित पशुपंक्षी पालन गरी उपभोग गर्ने कृषक घरपरिवारको प्रतिशत | >८०% | पशुसेवा शाखाको प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| २८ | ६.२ | दुधजन्य पदार्थहरु (दूध, दही, पनीर, चीज (, अण्डा मासुजन्य (माछा, मासु, पन्छी( नियमित उपभोग गर्ने घरपरिवार | ८०% | नमुना घरपरिवार सर्वेक्षण प्रतिवेदन पशुविकास शाखाको प्रतिवेदन |
| २९ | ६.३ | पशुजन्य खाद्यवस्तु प्रतिव्यक्ति बार्षिक दुध ९१ लि मासु १४ केजी अण्डा १५० वटा उपलब्धता भएको परिवारको प्रतिशत | >९०% | नमुना घरपरिवार सर्वेक्षण प्रतिवेदन पशुविकास शाखाको प्रतिवेदन |
| | | **महिला, बालबालिका क्षेत्र** | | |
| ३० | ७.१ | न्यायिक समिति प्रहरी एकद्धार संकट व्यवस्थापन केन्द्रमा दर्ता भएका लैङ्गिक हिंसाका घटना मध्ये फर्छ्यौट भएका घटनाको प्रतिशत | <८० | प्रहरी र एकद्धारा संकट व्यवस्थापन केन्द्रको प्रतिवेदन न्यायिक समितिको प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| ३१ | ७.२ | महिनावारी हुँदा स्वास्थ्य र सुरक्षाको दृष्टिकोणले जोखिमयुक्त स्थानमा राख्ने घरधुरी प्रतिशत | ०%००. | स्थातहको. प्रतिवेदन |
| ३२ | ७.३ | २० वर्ष उमेर नपुग्दै बच्चा जन्माउने महिलाको संख्या | ०%००. | स्वास्थ्य संस्थाको प्रतिवेदन वडा समितिको प्रतिवेदन |
| ३३ | ७.४ | सुनौला हजार दिनका घरपरिवारका सासु/बुहारी वा श्रीमान श्रीमती विच पोषण सम्बन्धि अनुशिक्षण भएका वडाको प्रतिशत | १०० % | स्थानीय तहको वार्षिक प्रतिवेदन |
| ३४ | ७.५ | वडामा गठन भएका युवा बालसंजालका सदस्यलाई पोषण सम्बन्धि अभिमुखीकरण गरिएका वडाको प्रतिशत | ९०% | स्थानीय तहको प्रतिवेदन |

अनुसूची ३

**(दफा (१०) को उपदफा (३) सँग सम्बन्धित)**

स्वास्थ्य मन्त्रालयको पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९ को व्यवस्था बमोजिम पोषणमैत्री स्वास्थ्य संस्थाका सूचकहरु

| १ | सूचक | अवस्था | अंक |
|---|---|---|---|
| १ | गर्भवती महिलाले कम्तिमा ८ पटक पूर्व प्रस्तुती जाँच गरेको प्रतिशत | ९० | १ |
| | | ८०-९० | ०.५ |
| | | ८० | ० |
| २ | गर्भवती महिलाले कम्तिमा ३ पटक उत्तर उत्तर प्रस्ती जाँच गरेको प्रतिशत | ९० | १ |
| | | ८०-९० | ०.५ |
| | | ८० | ० |
| ३ | गर्भवती महिलाले गर्भ अवधिभर १८० चक्की आइरन | ९० | १ |

| | | | |
|---|---|---|---|
| | फोलिक एसिड चक्की खाएको प्रतिशत | ८०-९० | ०.५ |
| | | ८० | ० |
| ४ | स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाहरुको प्रतिशत | ९० | १ |
| | | ८०-९० | ०.५ |
| | | ८० | ० |
| ५ | स्वास्थ्य संस्थामा जन्म भएका बालबालिका मध्ये जन्मेको १ घण्टाभित्र स्तनपान सुरुवात गर्ने शिशुको प्रतिशत | ९० | १ |
| | | ८०-९० | ०.५ |
| | | ८० | ० |
| ६ | ६ देखि ५९ महिनाका बालबालिकाले वर्षमा दुई पटक जुकाको औषधी पाएको प्रतिशत | ९० | १ |
| | | ८०-९० | ०.५ |
| | | ८० | ० |
| ७ | १२ देखि ५९ महिनाका बालबालिकाहरुले वर्षमा | ९० | १ |

| | | | |
|---|---|---|---|
| | दुई पटक भिटामिन ए क्याप्सुल पाएको प्रतिशत | ८०-९० | ०.५ |
| | | ८० | ० |
| ८ | २४ महिनासम्मका बालबालिकाले नियमित वृद्धि अनुगमन गरेको औषत पटक | १८ | १ |
| | | १५-१८ | ०.५ |
| | | १८ | ० |
| ९ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये जन्मेदेखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको प्रतिशत | ९० | १ |
| | | ८०-९० | ०.५ |
| | | ८० | ० |
| १० | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये ६ महिनापश्चात स्तनपानका साथै समयमै थप खानाको सुरुवात गरेको प्रतिशत | ९० | १ |
| | | ८०-९० | ०.५ |
| | | ८० | ० |
| ११ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका | ५ | १ |

| | | | |
|---|---|---|---|
| | मध्ये कम तौल भएका बालबालिकाको | ५-१० | ०.५ |
| | | १० | ० |
| १२ | कम तौलका शिशुको जन्म प्रतिशत | ५ | १ |
| | | ५-१० | ०.५ |
| | | १० | ० |
| १३ | पूर्ण खोपयुक्त स्वास्थ्य संस्था भएको | भएको | १ |
| | | नभएको | ० |
| १४ | पूर्ण मात्रामा १८० स्याचेट बालभिटा पाएका बालबालिकाको प्रतिशत | ९० | १ |
| | | ८०-९० | ०.५ |
| | | ८० | ० |
| १५ | बालबालिकालाई झाडा पखाला लागेको बेला जिङ्क चक्की र पुर्नजलीय झोल खुवाउने गरेको प्रतिशत | ९० | १ |
| | | ८०-९० | ०.५ |

| | | | |
|---|---|---|---|
| | | ८० | ० |
| १६ | २६ हप्तासम्म आइरन फोलिक एसिड चक्की पाएका किशोरीको प्रतिशत | ९० | १ |
| | | ८०-९० | ०.५ |
| | | ८० | ० |

*नोट- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा बाट वार्षिक लक्ष्य (Target) अनुसार पालिका तथा वडाको यथार्थ तथ्याङ्क सँग मेल नखाएमा घरधुरी सर्वेक्षण तथा तथ्याङ्कको डाटालाई पोषणमैत्री स्वास्थ्य संस्था तथा पोषणमैत्री वडा घोषणाको सुचकमा आधार मानिने छ ।*

**वर्गीकरण**

| जम्मा प्राप्ताङ्क | अवस्था |
|---|---|
| १५ देखि १६ | पोषणमैत्री घोषणाका लागि योग्य |
| १३ देखि १४ | पोषणमैत्री उन्मुख स्वास्थ्य संस्था |
| १२ वा सोभन्दा कम | पोषणमैत्री उन्मुख नभएको |

अनुसूची ४

**(दफा (१०) को उपदफा (४) सँग सम्बन्धित)**

पोषणमैत्री स्थानिय शासनका सूचक विश्लेषण (निकाल्ने तरिका)

| क्र.स. | विवरण तथा क्षेत्रगत सुचकहरु | लक्षित संख्या | प्रगती | नतिजा प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | च |
| १ | करेसाबारी स्थापना गरेको घरधुरी | जम्मा घरधुरी | करेसाबारी स्थापना गर्ने घरधुरी | घ लाई ग ले भाग गरी १०० ले गुणा गर्दा आउने संख्या | |
| | उदाहरणको लागिः सूचना लिएको दिनसम्म जम्मा मानौ कुनै वडाको जम्मा घरधुरी ३१५ रहेछ, करेसाबारी | ३२० | ३०३ | ९६% | ३०३/३१५*१०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थापना गर्ने ३०३ र नगर्ने घरधुरी १२ रहेछ भने | | | | |
| यस्तै तरिकाले अवस्था पत्ता लगाउन सकिन्छ। | | | | | |

अनुसूची ५

**(दफा (१०) को उपदफा (५) सँग सम्बन्धित)**

पोषणमैत्री स्थानीय शासनका सुचक प्राप्तीको अवस्था विवरण फारम

| क्रस. | सूचकहरू | इकाइ | न्यूनतम लक्ष्यहरू | घोषणको अवस्था | पुष्टयाइका आधारहरू |
|---|---|---|---|---|---|
| १ | शासकिय प्रबन्ध क्षेत्रका सूचकहरू | | | | |
| १.१ | | | | | |
| १.२ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | शिक्षा क्षेत्रका सूचकहरू | | | | |
| २.१ | | | | | |
| २.२ | | | | | |
| ३ | खानेपानी तथा सरसफाइ क्षेत्र | | | | |
| ३.१ | | | | | |
| ३.२ | | | | | |
| ४ | कृषि विकास क्षेत्र | | | | |
| ४.१ | | | | | |
| ४२ | | | | | |
| ५ | पशुपञ्छी विकास क्षेत्र | | | | |
| ५.१ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.२ | | | | | |
| ६ | महिला, बालबालिका क्षेत्र | | | | |
| ६.१ | | | | | |
| ६.२ | | | | | |
| ७ | स्वास्थ्य क्षेत्र | | | | |
| ७.१ | | | | | |
| ७.२ | | | | | |

अनसूची ६

(दफा (१०) को उपदफा (६) सँग सम्बन्धित)

**कालिमाटी गाउँकार्यपालिकाको कार्यालय,सल्यान**

बहुक्षेत्रीय पोषण योजना

पोषण मैत्री आचार संहिता

| | | | |
|---|---|---|---|
| गाउँपालिका, jf*{ sfof{no / laifout zfvfx? | z}lIfs ;+:yfx? | स्वास्थ्य संस्था | kl/jf/ / ;d'bfo |
| १. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत प्रतिफल, लक्ष्य र नतिजा प्राप्तिका लागि नतिजामा आधारित क्रियाकलापहरु तय गरी कार्यान्वयन | १. बिद्यालयको अतिरिक्त क्रियाकलापहरुमा पोषणका बिषयबस्तु समाबेश गर्ने । | १. स्वास्थ्य आमा समुहमा नियमित रुपमा पोषणका बारेमा छलफल | १. परिवारमा भएका सुनौला हजार दिनका आमा, बालबालिका र किशोरीको उचित स्याहार गर्ने । |

| | | | |
|---|---|---|---|
| गर्ने ।<br>२. पोषणको क्षेत्रमा बार्षिकरुपमा बजेट सिमा बढाउदै लगानी गर्ने ।<br>३. पोषण मैत्री स्थानीय शासन स्थानीय कार्यबिधि र संघीय निर्देशिका २०८० ले निर्धारण गरेका क्षेत्रगत सुचकहरु पुरा गर्ने ।<br>४. नगरपालिका, वार्ड कार्यालयहरुमा र सार्वजनिक स्थानहरुमा स्तनपान कक्ष, पोषण कर्नर र वास कर्नरको स्थापना गर्ने ।<br>५. नीति निमार्ण, योजना तर्जुमा र कार्यक्रम सन्चालन गर्दा सुनौला हजार | २. बिद्यालयमा पोषण कर्नर र हात धुने स्थानको प्रबन्ध गर्ने ।<br>३. बिद्यालयमा अध्यनरत १० देखि १९ बर्षका सबै किशोरीहरुलाई आईरन चक्की बितरण गर्ने ।<br>४. बिद्यालयमा जंक फुड निषेधित गर्ने र घरमा तयार भएको खाजालाई प्राथमिकता दिने ।<br>५. बालमैत्री व्यबहार गर्दै बालबालिकालाई | गर्ने र पोषण नाग्लो प्रर्दशनी गर्ने ।<br>२. स्वास्थ्य संस्थामा पोषण कर्नर र हात धुने स्थानको प्रबन्ध गर्ने ।<br>३. बार्षिक रुपमा बृहत पोषण लेखाजोखा सिबिरको आयोजना गर्ने ।<br>४. पहिचान भएका कुपोषित | २. बच्चा जन्मेको ३५ दिन भित्रमा जन्म दर्ता गराउने ।<br>३. बाल नगद अनुदान बाफत प्राप्त हुने पोषण भत्तालाई बालबालिकाको पोषणका लागि मात्र खर्च गर्ने ।<br>४. बालबालिका, गर्भवति र सुत्केरी महिलालाई हरेक बार खाना चार अनुसार पोषणयुक्त खाना खुवाउने ।<br>५. ४ बर्ष सम्मका बालबालिकाहरुलाई नजिकको बाल बिकास |

| | | | |
|---|---|---|---|
| दिनका आमा र बालबालिकाहरुको सर्वोत्तम हितलाई ध्यानमा राख्ने ।<br>६. स्थानीय स्तरको उत्पादनलाई प्रर्बद्धन गर्दै नगरपालिका तथा वार्ड कार्यालयले सन्चालन गर्ने तालिम, गोष्ठी र सभामा पत्रु खाना जंक फुड निषेधित गर्ने ।<br>७. नगरपालिका र वार्ड कार्यालयमा सेवा लिन आउने सुनौलाहजार दिनका आमाहरुलाई प्राथमिकता दिई सेवा प्रदान गर्ने ।<br>८. छाउपडी, बालबिबाहलाई सामाजीक अपराधको रुपमा स्वीकार गरी सो | मानसिक र शारिरिक दण्ड नदिई कक्षा सन्चालन गर्ने ।<br>६. बिद्यालयमा नमुना करेसाबारीको निमार्ण गरी प्रर्दशनी गर्ने ।<br>७. दिवा खाजामा पोषण युक्त रैथाने बालीहरुको प्रयोगमा जोड दिने ।<br>८. विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने । | बालबालिकाहरुको खोजी गरी नियमति उपचार गर्ने ।<br>५. स्वास्थ्य संस्थामा स्तनपान कक्षको निमार्ण गर्ने ।<br>६. पोषण बिशेष अर्न्तगतका सबै कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।<br>७. पूर्ण खोपको सुनिश्चिता, | केन्द्रमा भर्ना गर्ने ।<br>६. साबुन पानीले हात धोएर मात्र बालबालिकालाई खाना खुवाउने ।<br>७. सबै बालबालिकाहरुलाई अनिबार्य बिद्यालय भर्ना गर्ने ।<br>८. २० बर्ष पुरा नभई बिहे नगराउने र नगर्ने ।<br>९. महिनावारी भएको बेला घरमा नै बस्ने र पोषण युक्ता खाना खाने ।<br>१०. घरमा करेसाबारी, |

| | | | |
|---|---|---|---|
| अन्त्यका लागि पहल गर्ने ।<br>९. पोषण सम्बन्धी बिभिन्न अभियान, बहस र सन्चार क्षेत्र परिचालन गर्ने ।<br>१०. बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्तालाई अभियानको रुपमा सन्चालन गर्ने ।<br>११. महिलाहरुको कार्यबोझमा कमी, लैगिक हिन्साको अन्त्य महिलाहरुको सहभागितामा पोषण प्रबर्धन हुने खालका आयआर्जन सम्बन्धी गतिबिधि तथा अभियानहरु सन्चालन गर्ने ।<br>१२. बाल नगद अनुदानलाई | ९. स्थानीय स्तरमा उपलब्ध खाद्यान्नको प्रचार प्रसार गर्ने र हरेक बार खाना चारका बारेमा सचेतना अभिबृद्धि गर्ने ।<br>१०. बिद्यालयमा व्यबस्थित शौचालयको प्रबन्ध गरी किशोरीहरुलाई सेनेटरी प्याड निमार्ण, प्रयोग र व्यबस्थापनका लागि सहयोग गर्ने । | दिगोपाना निरन्तरताका साथै संस्थागत सुत्केरीलाई शतप्रतिशत पुर्‍याउने ।<br>८. पोषण मैत्री स्थानीय शासन अन्तरगतक स्वास्थ्य क्षेत्रका सबै सुचकहरु पुरा गर्नको लागि कार्य गर्ने । | जुठेल्नो र धुवा रहित भान्साको व्यबस्थापन गर्ने ।<br>११. स्वच्छ पिउने पानीको लागि पानी सुद्धिकरण गरेर मात्र पानी पिउने ।<br>१२. पोषण सम्बन्धी नेपाल सरकारबाट प्रदान गरिने सबै प्रकारका सेवाहरुको उपयोग गर्ने । |

| | | | |
|---|---|---|---|
| प्रभावकारी बनाउने र बालबालिकाको पोषणमा मात्र खर्च गर्न सुनिश्चित गर्ने ।<br>१३. पोषण मैत्री स्थानीय शासनको सुचना केन्द्र स्थापना गरी दस्तावेजीकरण गर्ने । | | ९. पोषण सम्बन्धीका सबै तथ्यांक, र सुचनाको व्यबस्थापन गर्ने । | |

# अनुसूची ७

## (दफा (१०) को उपदफा (७) सँग सम्बन्धित)

## पोषणमैत्री स्थानीय शासन कार्यान्वयन संयुक्त अनुगमन फारम

## पोषणमैत्री स्थानीय शासन कार्यान्वयन अनुगमन फारम

| क्रस. | सूचकहरू | इकाइ | न्यूनतम लक्ष्यहरू | घोषणको अवस्था | पुष्ट्याइका आधारहरू |
|---|---|---|---|---|---|
| १ | शासकिय प्रबन्ध क्षेत्रका सूचकहरू | | | | |
| १.१ | | | | | |
| १.२ | | | | | |
| २ | शिक्षा क्षेत्रका सूचकहरू | | | | |
| २.१ | | | | | |
| २.२ | | | | | |

| क्रस. | सूचकहरू | इकाइ | न्यूनतम लक्ष्यहरू | घोषणको अवस्था | पुष्ट्याइका आधारहरू |
|---|---|---|---|---|---|
| ३ | खानेपानी तथा सरसफाइ क्षेत्र | | | | |
| ३.१ | | | | | |
| ३.२ | | | | | |
| ४ | कृषि विकास क्षेत्र | | | | |
| ४.१ | | | | | |
| ४२ | | | | | |
| ५ | पशुपञ्छी विकास क्षेत्र | | | | |
| ५.१ | | | | | |
| ५.२ | | | | | |
| ६ | महिला, बालबालिका क्षेत्र | | | | |
| ६.१ | | | | | |
| ६.२ | | | | | |

| क्रस. | सूचकहरू | इकाइ | न्यूनतम लक्ष्यहरू | घोषणको अवस्था | पुष्ट्याइका आधारहरू |
|---|---|---|---|---|---|
| ७ | स्वास्थ्य क्षेत्र | | | | |
| ७.१ | | | | | |
| ७.२ | | | | | |

सम्पादित उल्लेखनिय कार्यहरुः

- 
- 

राम्रा तथा उदाहरणिय सफलताहरुः

- 
- 
- 

अनुगमनकर्ताको राय तथा मन्तव्यः

- 

## अनुगमनकर्ताको बिवरण

| क.स | नाम,थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ८

(दफा (१०) को उपदफा (८) सँग सम्बन्धित)

**पोषणसुधारको सामुहिक प्रतबद्धता पत्र**

## कालिमाटी गाँउपालिका

सल्यान, कर्णाली प्रदेश, नेपाल

पोषण तथा खाद्य सुरक्षा नेपाल

## पोषण सुधारको लागि सामुहिक प्रतिवद्धता

२०७९ चैत्र १९ गते ।

नेपालमा मातृ शिशु पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू, विकास साझेदारहरू, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूबाट २०६९ साल असोज ४ गते प्रतिवद्धताको घोषणा पत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना २०६९।०७०/२०७९।२०८० कार्यान्वयन भईरहेको छ । नेपालले सन् २०३० सम्ममा कुपोषणलाई अन्त्य गर्ने अन्तराष्ट्रिय प्रतिवद्धता व्यक्त गरेको छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीयतहका अधिकारहरु स्पष्टरुपमा उल्लेख भएका छन । आज बहुक्षेत्रीय पोषण कार्यक्रमको सफल कार्यन्वयनको कर्तव्य हाम्रो भएको छ । आज मिति २०७९ चैत्र १९ गते गते यस कालिमाटी गाँउपालिकाका निर्वाचित पदाधिकारीहरु र अन्य सरोकारवालाहरु हामी बहुक्षेत्रीय पोषण योजनाको अभिमुखिकरणमा उपस्थित भई निम्नानुसारका क्रियाकलापहरुको पूर्ण रुपमा कार्यान्वयन गरी हाम्रो पालिकामा यस बहुक्षेत्रीय पोषण योजना सफल सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

**प्रतिवद्धताः**

१. सबै बालबालिकालाई अनिवार्य विद्यालय जाने वातावरण सृजनागरि गुणस्तरीय शिक्षाको व्यवस्था गर्नेछौं ।
२. निशुल्क तथा गुणस्तरीय उपचारका लागि प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना गरी गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चता गर्नेछौं ।
३. ३५ दिन भित्र जन्मदर्ता गर्न आउने सुत्केरी आमालाई पोषण भत्ता तथा सुत्केरी प्रोत्साहन रकम प्रदान गर्नेछौं ।
४. सुरक्षित खानेपानी र सरसफाई व्यवस्था सुनिश्चित गर्नेछौं ।
५. विभिन्न तहमा भएका प्रतिवद्धता, कार्ययोजना र समन्वय संयन्त्र सहित कार्यान्वयनको सुनिश्चितताका लागि सहयोगी निकायबाट प्राप्त सहयोगलाई समेत मूलप्रवाहीकरण गर्दै प्रभावकारी अनुगमन गर्न अघि बढ्नेछौं ।
६. सवै स्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको क्रमश सुनिश्चितता गर्नेछौं ।
७. बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयनका लागि आगामी आ. ब. बाट बार्षिक उपलब्ध आन्तरीक स्रोतका साथै प्राप्त अनुदानको निश्चित रकम लगानी गर्नेछौ ।
८. यो योजना सञ्चालन गर्न संघीय, प्रादेशिक, अन्य स्थानीय तह लगायत विकास साझेदार एवंम् सरोकार निकायसग सार्थक समन्वय गर्नेछौं ।
९. समाजमा बिद्यमान कुरुती जस्तैः बालबिबाह र छुवाछुत जस्ता संस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गर्नेछौ।
१०. एक घर, एक करेसाबारी निर्माण अभियान संचालन गर्नेछौ ।
११. आगामी आ.व.वाट सुनौला हजार दिनका महिलाहरुको लागि पालिकाको कोसेली कार्यक्रमका लागि बजेट बृद्धि गरी कार्यक्रम संचालन गर्नेछौ ।
१२. **स्वस्थ, सफा र पोषण मैत्री घर, गाउ टोल र वडा अभियान सञ्चालन गर्दै आगामी ४ बर्ष भित्र यस कालिमाटी गाउँपालिकालाई पोषण मैत्री स्थानीय शासन घोषणा उन्मुख गर्नेछौं ।**

| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|

वडा अध्यक्षहरु

अन्य सरोकारवालाहरु

**स्वस्थ,सुखी र समृद्ध परिवार, हाम्रो सरोकार । प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा, जनताको अधिकार ।।**

# अनुसूची ९
## (दफा (१०) को उपदफा (९) सँग सम्बन्धित)
## पोखरा प्रतिवद्धता

### पोषण सम्बन्धी पोखरा प्रतिवद्धता २०७३

२०७३ पौष २८ र २९ गते पोखरामा आयोजना गरिएको राष्ट्रिय पोषण गोष्ठीमा उपस्थित स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागका सम्वद्ध पदाधिकारीहरु, ५ वटै क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशकहरु, ७५ वटै जिल्लाका स्वास्थ्य/जनस्वास्थ्य कार्यालयका प्रमुख तथा पोषण सम्पर्क व्यक्तिहरु, संयूक्त राष्ट्र संघीय निकाय एवम् विकास साझेदार संस्था तथा नागरिक समाजका प्रतिनिधिहरुले सामूहिक रुपमा हामी गुणस्तरिय पोषण सेवालाई स्थानीय तहसम्म सर्वव्यापि पहुँचमा पुऱ्याउदै दिगो विकासका लक्ष्यहरु हासिल गर्न प्रतिवद्ध छौं।

नेपाली जनता विशेषत: मातृ, शिशु तथा बाल्यकालीन पोषण स्थितिमा सुधार ल्याउन २००४ मा राष्ट्रिय पोषण नीति तथा रणनीति कार्यान्वयनमा आए सँगै नेपाल सरकारबाट स्विकृत बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३, राष्ट्रिय स्वास्थ्य नीति २०७१, नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७ तथा Scaling Up Nutrition, World Health Assembly 2012 लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरु कार्यान्वयनमा रहेका छन्। सोही बहुक्षेत्रीय प्रतिवद्धतालाई मनन् गर्दै राष्ट्रिय योजना आयोगको नेतृत्वमा स्वास्थ्यसँग सम्वन्धित पोषण योजनाहरुलाई स्वास्थ्य मन्त्रालयले आफ्ना कार्यक्रमहरु विभिन्न तहगत संरचना मार्फत सकृयतापूर्वक कार्यान्वयन गरिरहेको सन्दर्भमा ती कार्यक्रमहरुलाई क्रमवद्ध रुपमा अघि बढाउन र बिभिन्न तहमा पोषणका सन्दर्भमा साझा बुझाई कायम गरी दिगो विकास लक्ष्य सहित अन्य घोषित लक्ष्यमा पुग्नका लागि आधार तय गर्न निम्न अनुसारका प्रतिवद्धता जाहेर गर्दछौं।

१. राष्ट्रिय पोषण गोष्ठी, पोखराको मूल मन्त्र *"स्वस्थ सुखी र समृद्ध परिवार हाम्रो सरोकार, प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा जनताको अधिकार"* लाई मुर्त रुप दिन आ-आफ्नो कार्य क्षेत्रबाट प्रतिबद्ध छौ।

२. राष्ट्रिय योजना आयोगको संयोजन तथा समन्वयमा लागु भइरहेको बहुक्षेत्रीय पोषण योजनालाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि स्वास्थ्य मन्त्रालयले पोषण क्षेत्रमा सशक्त प्राविधिक नेतृत्व प्रदान गर्ने।

३. संघीय संरचनामा मुलुक उन्मुख भइरहेको परिप्रेक्ष्यंमा पोषणको महत्वलाई दृष्टिगत गर्दै तत्पश्चात हुने संगठनात्मक ढाँचामा केन्द्र, प्रदेश तथा स्थानीय तहहरुमा पोषणलाई समावेश गरी पोषणको मूल प्रवाहिकरण गर्ने।

४. यसै आर्थिक बर्ष भित्र नेपालका ७५ जिल्लाहरुमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयमा पोषण अधिकृतहरुको व्यवस्था प्रारम्भ गरी साथै हरेक स्वास्थ्य संस्थाहरुमा पोषण सम्पर्क व्यक्ति तोकि पोषणसम्वद्ध कार्यक्रमहरुलाई प्रभावकारी ढंगले लक्षित समुदायसम्म पुऱ्याउने।

५. बहुक्षेत्रीय पोषण योजनाको दस्तावेजमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत राष्ट्रिय पोषण केन्द्र स्थापना गर्ने प्रावधान रहेको र सो विषयमा तत्कालीन मन्त्रिपरिषदबाट निर्णय समेत भइसकेको सन्दर्भमा मुलुक संघीय ढाँचामा रुपान्तरण भइसकेको हुदा संघीय तहमा नै पोषण सम्वन्धी एउटा सशक्त निकायको स्थापना गर्न तुरुन्तै पहल गर्ने।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरे अनुसारका स्वास्थ्य सम्बन्धी पोषण सेवाहरुलाई स्थानीय तहसम्म समावेशि र समतामूलक सिद्धान्त अनुरुप विस्तार गर्ने। यसै आर्थिक बर्षबाट कुपोषण र खाद्य असुरक्षाको दृष्टिले अति प्रभावित जिल्लाहरुमा कुपोषण उपचार तथा व्यवस्थापन सहितको एकिकृत पोषण कार्यक्रम सञ्चालन गर्ने।

७. आगामी आर्थिक बर्ष देखि पोषण सम्वन्धी छुट्टै बजेट कोड स्थापना गरी श्रोतको परिचालन गर्न सम्वन्धित निकायहरुसँग पहल गर्ने।

८. विकास साझेदारहरुको सहयोग र योगदान प्राप्तिको ढाँचामा एकरुपता ल्याइ राष्ट्रिय पोषण प्रारुप अन्तरगत एकद्वार प्रणाली अपनाइ पोषण क्षेत्रका कार्यक्रमहरुलाई पूर्णता दिन (Complete coverage) सुनिश्चित गर्ने।

९. क्षेत्र तथा जिल्ला तहमा उपलब्ध साधन तथा श्रोतको समन्वयात्मक रुपमा अधिकतम परिचालन गरी नतिजामूलक उपलब्धी हासिल गर्ने।

१०. स्थानीय तहमा उपलब्ध श्रोत र साधनलाई उच्चतम सदुपयोग गर्ने गरी पूर्ण पोषणयूक्त घर, गाउ, जिल्ला अभियान सञ्चालन गर्नको लागि यसै आर्थिक बर्ष भित्र कार्यविधि तयार पारी अभियान घोषणा गर्ने।